Ridge Line Energy Ltd.

Kupondol,Lalitpur Nepal
01-5900114
info@ridgeline.com.np
rlenergy18@gmail.com
www.ridgeline.com.np

च नं.१.१३७-०८२/०८३

कम्पनी दर्ता नं. २९१९८९/७८/०७९
मितिः २०८३/०१/२२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, रामशाहपथ, काठमाण्डौ ।

विषयः <u>आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिक प्रतिवेदन बारे ।</u>

महोदय,

उपरोक्त विषयका सम्बन्धमा यस कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिक प्रतिवेदन यसै पत्र साथ संलग्न गरी तहाँ समक्ष पेश गरेका छौं ।

धन्यवाद ।

भवदीय,

रोशन पौडेल
कम्पनी सचिव

Ridge Line Energy Ltd.

कर्पोरेट समाचार

फरवार्ड माइक्रोफाइनान्सको साधारण सभा सम्पन्न

काठमाडौँ, (नेस)

फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको १३औँ वार्षिक साधारण सभा वैशाख २१ गते सुनसरीको दुहबीस्थित दिनेश स्मृति भवनमा सम्पन्न भएको छ। सभाको उद्घाटन गर्दै पूर्व मन्त्री भगवती चौधरीले तीन दशकदेखि सञ्चालनमा रहेको लघुवित्त कार्यक्रमले ग्रामीण महिलाको आर्थिक, सामाजिक र राजनीतिक अवस्थामा सकारात्मक परिवर्तन ल्याएको बताउनुभयो। उहाँले ऋण मिनाहा सम्भव नभएकाले कर्जा उत्पादनमूलक क्षेत्रमा लगानी गर्न र गलत तत्वको पछि नलाग्न आग्रह गर्नुभयो। सभाले अध्यक्ष केशवराज पौडेलद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पारित गर्नुका साथै लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण अनुमोदन गरेको छ।

त्यस्तै, नयाँ सञ्चालक चयन गर्दै संस्थापक तथा सर्वसाधारण सेयर संरचना ७०/३० बाट परिवर्तन गरी ६०/४० कायम गर्ने प्रस्ताव पनि पारित गरिएको छ। साथै पुँजी वृद्धि योजना, प्रबन्धपत्र तथा नियमावली संशोधन र अन्य लघुवित्त संस्थासँग गाभ्ने-गाभिनेसम्बन्धी प्रस्तावहरू स्वीकृत भएका छन्। संस्थाले हाल ४० जिल्लामा १५९ शाखामार्फत २ लाख ८४ हजारभन्दा बढी विपन्न परिवारलाई सेवा दिँदै आएको छ भने २२ अर्बभन्दा बढी कर्जा लगानी र १० अर्बभन्दा बढी बचत संकलन गरेको छ। कार्यक्रममा विभिन्न वक्ताहरूले लघुवित्त क्षेत्रमा देखिएका चुनौती सामना गर्दै संस्थालाई अझ सुदृढ बनाउनुपर्ने धारणा व्यक्त गरेका थिए।

मोबाइलमान्डुको नयाँ आउटलेट खुल्यो

काठमाडौँ, (नेस)

नेपालमा अनलाइनमार्फत इलेक्ट्रोनिक्स सामान बिक्री गर्दै आएको मोबाइलमान्डु अब अफलाइन बजारमा पनि प्रवेश गर्ने तयारीमा रहेको छ। कम्पनीले आफ्नो पहिलो भौतिक स्टोर काठमाडौंको तीनकुनेमा वैशाख २१ गते भव्य रूपमा उद्घाटन गर्ने भएको छ। हालसम्म देशभर अनलाइन सेवा दिँदै आएको मोबाइलमान्डुले ग्राहकलाई प्रत्यक्ष रूपमा उत्पादन अनुभव गराउने उद्देश्यले फिजिकल आउटलेट सञ्चालनमा ल्याउन लागेको हो। कम्पनीका अनुसार यो कदम "टेक अनुभवलाई नजिक ल्याउने" रणनीतिअन्तर्गत अगाडि बढाइएको हो।

बूढानीलकण्ठमा यामाहाको नयाँ शोरुम

काठमाडौँ (नेस)

यामाहा नेपालले बूढानीलकण्ठ क्षेत्रमा आफ्नो सेवा सञ्जाल विस्तार गर्दै नयाँ '३एस' (सेल्स, सर्भिस र स्पेयर पार्ट्स) शोरुम औपचारिक रूपमा सञ्चालनमा ल्याएको छ। इटालिटार, गणेश चोकस्थित 'व्हिलिश ग्यालोर प्रा. लि.' नामक यस सोरूम ल्याएको हो।

बूढानीलकण्ठ तथा आसपासका ग्राहकलाई आवश्यक सम्पूर्ण सेवा सहज रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने कम्पनीको नयाँ शोरुमले काठमाडौं उपत्यकामा यामाहाको उपस्थितिलाई अझ सुदृढ बनाउँदै मोटरसाइकल तथा स्कुटरका सम्पूर्ण लाइनअप, जेनुइन स्पेयर पार्ट्स र व्यावसायिक सेवामा ग्राहकको पहुँच बढाउने कम्पनीको अपेक्षा छ। एमएडब्लू राइड्स प्रा. लि. अन्तर्गत सञ्चालन भइरहेको यामाहा नेपालले गुणस्तर, विश्वसनीयता र ग्राहक सन्तुष्टिलाई केन्द्रमा राख्दै आफ्नो सेवा सञ्जाल विस्तार गरिरहेको जनाएको छ।

आर्थिक संघमा नयाँ नेतृत्व

काठमाडौँ, (नेस)

नेपाल आर्थिक संघको ३६औँ वार्षिक साधारण सभाले आगामी कार्यकालका लागि नयाँ कार्यसमिति चयन गरेको छ। प्रा. डा. विश्वम्भर प्याकुर्याल सर्वसम्मत रूपमा अध्यक्षमा निर्वाचित हुनुभएको छ। उक्त साधारण सभाले उपाध्यक्ष पदमा डा. पोषराज पाण्डे र प्रा. डा. गोविन्द नेपाल सर्वसम्मत रूपमा निर्वाचित गरेको छ। त्यस्तै महासचिवमा डा. गोपालप्रसाद तिवारी, सचिव पदमा डा. खोमराज खरेल निर्वाचित हुनुभएको छ भने कोषाध्यक्षमा प्रा. डा. शान्ता सिंह चयन हुनुभएको छ। नवनिर्वाचित कार्यसमिति सदस्यहरूमा प्रा. डा. विजय श्रेष्ठ, प्रा. डा. केशवराज खड्का, प्रा. डा. शिवराज अधिकारी, प्रा. डा. कुसुम शाक्य, प्रा. डा. माधवप्रसाद दाहाल, डा. विष्णुदेव पन्त, डा. मणिकुमार नेपाल, डा. यादवमणि उपाध्याय तथा सुश्री जमुना श्रेष्ठ रहनुभएको छ।

धरौटीमा छुटेका गोल्छा पुनः पक्राउ

नेपाल समाचारपत्र, काठमाडौँ

सर्वोच्च अदालतको आदेशपछि रिहा भएका उद्योगी शेखर गोल्छालाई प्रहरीले पुनः पक्राउ गरेको छ। अदालतको आदेशपछि पाँच लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएको केही मिनेटमै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले गोल्छालाई पुनः नियन्त्रणमा लिएको हो। नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष समेत रहेका गोल्छाले धरौटी वा जमानत राख्न नसके मात्रै हिरासतमा राखेर अनुसन्धान गर्न सर्वोच्चले परमादेश जारी गरेको थियो।

न्यायाधीश महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको संयुक्त इजलासले गोल्छालाई धितोपत्र सम्बन्धी कसुरमा धरौटी वा जमानत माग नगरी थुनामा राखिएको प्रक्रिया त्रुटिपूर्ण रहेको ठहर गरेको छ। अदालतले अब सम्बन्धित निकायले कानुनअनुसार पहिले धरौटी वा जमानत माग गर्नुपर्ने र त्यसो गर्न नसकेमा मात्र हिरासतमा राख्न सकिने स्पष्ट पारेको छ। गोल्छाको तर्फबाट उनकी पत्नी सीमा गोल्छाले गैरकानुनी थुनामा राखिएको दाबी गर्दै रिट दायर गरेकी थिइन्। तर अदालतले परमादेशमार्फत प्रक्रिया सच्याउन निर्देशन दिइसकेकाले छुट्टै बन्दी प्रत्यक्षीकरण आदेश आवश्यक नरहेको निष्कर्ष निकाल्दै रिट खारेज गरेको हो। अदालतको आदेशमा धितोपत्रसम्बन्धी मुद्दामा मात्र केन्द्रित निर्णय गरिएको छ। गोल्छाविरुद्ध बीमा ऐन, २०७९ अन्तर्गत पनि अनुसन्धान जारी रहेकाले उक्त मुद्दामा भने आवश्यक प्रक्रिया अझै अघि नबढेको उल्लेख गरिएको छ। गोल्छालाई धितोपत्र र बीमा सम्बन्धी आर्थिक अनियमितताका संलग्न रहेको आशंकामा केन्द्रीय अनुसन्धान ब्युरोले वैशाख ११ गते नियन्त्रणमा लिएको थियो।

मन्त्रालयगत बजेट छलफल जारी

काठमाडौँ, (नेस)

अर्थ मन्त्रालयले नौवटा मन्त्रालयका विभागीय मन्त्रीहरूको सहभागितामा मन्त्रालयगत बजेट छलफल सम्पन्न गरेको छ। मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाले निर्धारण गरेको समय तालिकाअनुसार सोमबार सुरु भएको छलफल मंगलबारसम्म चल्नेछ। सोमबार गृह मन्त्रालयसँग छलफलको सुरुआत भएको थियो।

त्यसपछि क्रमश श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग बजेट छलफल भएको हो।

छलफलमा अर्थमन्त्री डा.स्वर्णिम वाग्लेको नेतृत्वमा अर्थ मन्त्रालयका अर्थ र राजश्व सचिव, बजेट लेखन समितिको संयोजक तथा सदस्यहरू, मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा प्रमुख एवं महाशाखाका विषयक्षेत्रगत शाखा प्रमुखहरूले उल्लिखित मन्त्रालयका मन्त्री, सचिव एवम् जिम्मेवार महाशाखा प्रमुखसँग आगामी बजेटको खाका, नीति तथा कार्यक्रम र त्यसका लागि प्रस्तावित बजेट र स्रोत व्यवस्थापनबारे छलफल गरेको हो।

ऊर्जाबाट १० पद मुक्त

काठमाडौँ, (नेस)

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' बमोजिम मातहतका निकायका पदाधिकारीहरू स्वतः पदमुक्त भएको जानकारी गराएको छ। मन्त्रालयले सूचनामार्फत अध्यादेशको दफा २ अनुसार तपसिलमा उल्लेखित पदाधिकारीहरू पदमुक्त भएको जनाएको हो।

सूचनाअनुसार विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धितालसहित सदस्यहरू डा. मधुसुधन अधिकारी, डा. झमक प्रसाद शर्मा, गौतम डंगोल र भागिरथी भट्टराई ज्ञवाली पनि पदमुक्त भएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार उक्त अध्यादेश कार्यान्वयनमा आएसँगै सम्बन्धित निकायका ती पदाधिकारीहरू स्वतः पदमुक्त भएका हुन्। त्यस्तै नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य पदमुक्त भएका छन्।

रिज लाइन इनर्जी लिमिटेड
Ridge Line Energy Ltd.

रजिष्टर्ड कार्यालय, ललितपुर महानगरपालिका-१, ललितपुर, फोन नं.: ०१-५९००११४
(आयोजनाको नाम : सुपर चेपे जलविद्युत आयोजना-९.०५ मे.वा.)
वेबसाईट: https://www.ridgeline.com.np, इमेल : info@ridgeline.com.np

Unaudited Statement of Financial Position
As on 30th Chaitra, 2082 (13th April, 2026)

Amount in NRs.

Particulars	This Quarter Ended on Chaitra, 2082	Previous Quarter Ended on Poush, 2082	Corresponding Previous Year Quarter Ended on Chaitra, 2081
ASSETS			
Non-Current Assets			
Property, Plant and Equipment	2,248,310	2,340,409	1,551,946
Intangible Assets (Project Assets)	2,124,326,914	2,123,163,407	2,160,081,673
Capital Work in Progress	44,047,800	-	-
Right of Use Assets	1,280,374	1,378,864	-
Financial Assets	274,911,000	195,588,165	105,142,537
Total Non-Current Assets	**2,446,814,398**	**2,322,470,845**	**2,266,776,156**
Current Assets			
Financial Assets			
Cash and Cash Equivalents	54,032,047	52,544,864	25,415,421
Trade Receivables	46,629,298	65,318,310	39,410,430
Deposits and Margins	1,150,000	1,150,000	-
Other Current Assets	119,640,839	6,338,511	5,936,253
Inventories	6,749,126	6,627,826	-
Total Current Assets	**228,201,310**	**131,979,511**	**70,762,104**
Total Assets	**2,675,015,708**	**2,454,450,356**	**2,337,538,260**
EQUITY AND LIABILITIES			
Equity			
Equity Share Capital	1,185,000,000	924,300,000	604,579,900
Advance for Share Capital	-	-	50,000,000
Other Equity	296,947,434	274,288,666	168,557,844
Total Equity	**1,481,947,434**	**1,198,588,666**	**823,137,744**
Non-Current Liabilities			
Financial Liabilities			
Medium and Long Term Loan	1,150,658,209	1,219,268,391	1,254,942,507
Lease Liabilities	1,064,168	1,164,495	-
Deferred Tax Liabilities (Net)	-	-	-
Total Non-Current Liabilities	**1,151,722,377**	**1,220,432,886**	**1,254,942,507**
Current Liabilities			
Financial Liabilities			
Short Term Loan	33,251,662	27,498,270	250,000,000
Lease Liabilities	376,896	357,276	-
Trade and Other Payables	3,899,684	4,382,522	7,254,992
Employee Benefit Payable	2,010,173	1,424,722	522,298
Other Current Liabilities	1,807,482	1,766,014	1,680,719
Total Current Liabilities	**41,345,897**	**35,428,804**	**259,458,009**
Total Equity and Liabilities	**2,675,015,708**	**2,454,450,356**	**2,337,538,260**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
For the Period from 1st Shrawan, 2082 to 30th Chaitra, 2082

Amount in NRs.

Particulars	Upto Quarter Ended on Chaitra, 2082	Previous Quarter Ended on Poush, 2082	Corresponding Previous Year Quarter Ended on Chaitra, 2081
Revenue from Sale of Electricity	236,787,903	162,936,019	220,164,367
Cost of Sales	22,158,729	14,581,634	16,054,580
Gross Profit / (Loss)	**214,629,174**	**148,354,385**	**204,109,787**
Revenue as per IFRIC 12	-	-	-
Add: Other Income	38,601	24,186	-
Total Income	**214,667,775**	**148,378,571**	**204,109,787**
Administrative and Other Expenses	4,464,926	3,503,715	7,374,477
Employee Benefit Expenses	6,355,547	5,113,647	8,329,206
Depreciation and Amortization Expenses	53,146,949	35,360,620	52,352,093
Net Profit / (Loss) from Operation	**150,700,353**	**104,400,588**	**136,054,011**
Finance Costs	53,896,702	36,869,499	89,159,796
Profit / (Loss) before Staff Bonus, CSR and Taxes	**96,803,651**	**67,531,089**	**46,894,215**
Provision for Employee Bonus	1,936,073	1,350,622	937,884
Profit / (Loss) before Tax and CSR Expenses	**94,867,578**	**66,180,467**	**45,956,331**
Provision for CSR Expenses	948,676	661,805	459,563
Profit / (Loss) before Tax	**93,918,902**	**65,518,662**	**45,496,768**
Tax Expenses			
Current Tax Expenses	9,650	6,047	-
Deferred Tax Expenses / (Income)	-	-	-
Net Profit / (Loss) for the year	**93,909,252**	**65,512,616**	**45,496,768**
Other Comprehensive Income			
Profit / (Loss) on Revaluation of Property, Plant & Equipment	-	-	-
Profit / (Loss) on Revaluation of Intangible Assets	-	-	-
Other Comprehensive Income / (Loss) for the Year	-	-	-
Total Comprehensive Income / (Loss)	**93,909,252**	**65,512,616**	**45,496,768**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची - १४, नियम २६ को उपनियम (१) संग सम्बन्धित आ. व. २०८२/०८३ को तेस्रो त्रैमासिक प्रतिवेदन

१) वित्तीय विवरण

(क) आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिक अवधिको व्यवस्थापनबाट तयार गरिएको अपरिष्कृत वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिक)	१०.५७	प्रति शेयर कुल सम्पत्तिको मूल्य	२२५.७४
प्रति शेयर नेटवर्थ	१२५.०६	मूल्य आम्दानी अनुपात (P/E Ratio)	११८.७४
तरलता अनुपात	५.५२		

२) व्यवस्थापकिय विश्लेषण:

(क) यस त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा अत्याधिक परिवर्तन रहेको छैन। कम्पनीको मौज्दात, आम्दानी र तरलतामामा सकारात्मक प्रभाव कायम रहेको छ।

(ख) यस त्रैमासिक अवधि सम्ममा कम्पनीको अन्य व्यवसायिक योजना नरहेको।

(ग) कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी जानकारीमा नरहेको ।

३) कानूनी कारवाहि सम्बन्धि विवरण:

(क) त्रैमासिक अवधिमा कम्पनीले वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

(ख) कम्पनीको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कम्पनीलाई कुनै जानकारी प्राप्त नभएको।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सम्बन्धमा कम्पनीलाई कुनै जानकारी प्राप्त नभएको।

४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण:

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा: शेयरको मुल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा यसमा कम्पनी तटस्थ छ। यद्यपि कम्पनीको शेयरमा मूल्यमा प्रभाव पार्ने सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित कानूनको अधिनमा रही प्रवाहित गरिनेछ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या: नभएको।

अधिकतम मूल्य	९४१	न्यूनतम मूल्य	३००
अन्तिम मूल्य	९४१	कारोबार भएको कूल दिन	१२
कारोबार संख्या	७५९		

५) समस्या तथा चुनौती

बढ्दो प्रतिस्पर्धाका कारण कम्पनीमा कार्यरत जनशक्ति कायम राखी राख्ने एवं बढ्दो मुद्रास्फितिका कारण हुने सञ्चालन खर्चको वृद्धि कम्पनीका आन्तरिक समस्या र चुनौती हुन। साथै कम्पनीको परियोजना स्थलमा हुन सक्ने प्राकृति प्रकोप जस्तै बाढी, भूकम्प आदि कम्पनीका बाह्य समस्या र चुनौती हुन। सो सम्बन्धमा कम्पनीले आवश्यकता अनुसार समिक्षा गरी रणनीति बनाई सोको निराकरणको उपाय अवलम्बन गरि रहेको छ ।

६) संस्थागत सुशासन

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा प्रचलित कानूनको पूर्णतः परिपालन गरि रहेको छ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

SuryaJyoti
जीवनको लागि

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।

माघ १, २०८२ देखि चैत्र ३०, २०८२ को विवरण:

१	निकायको स्वरुप र प्रकृति :	कम्पनी ऐन २०६३ बमोजिम स्थापना भइ बीमा ऐन २०७९ बमोजिम जीवन बीमा व्यवसाय गर्न नेपाल बीमा प्राधिकरणबाट बीमकको इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनी।
२	निकायको काम, कर्तव्य र अधिकार :	कम्पनी ऐन २०६३, बीमा ऐन २०७९, धितोपत्र ऐन २०६३, बीमा नियमावली २०८१ तथा प्रचलित ऐन, कानून, नियम बमोजिमका काम कर्तव्य र अधिकारहरू रहेका छन्।
३	निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :	यस कम्पनीमा २०८२ चैत्र मसान्त सम्ममा विभिन्न तह तथा पदमा कुल ५८६ जना कर्मचारीहरू कार्यरत रहेका छन्। ति कर्मचारीहरूले केन्द्रिय कार्यालय स्थित विभिन्न विभाग तथा प्रादेशिक/शाखा/उपशाखा कार्यालयहरू मातहत रहेर तोकिएका कार्यहरू सम्पादन गरिरहेका छन्।
४	निकायबाट प्रदान गरिने सेवा :	बीमा ऐन २०७९ बमोजिम जीवन बीमा कम्पनीले प्रदान गर्ने सम्पूर्ण सेवाहरू।
५	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :	यस कम्पनीको हाल सम्म केन्द्रिय कार्यालय र ७ वटा प्रादेशिक कार्यालय सहित जम्मा १७७ वटा शाखा/उपशाखा कार्यालयबाट सेवा प्रदान भै रहेको छ। केन्द्रिय कार्यालयमा हरेक विभागमा विभागिय प्रमुख, प्रादेशिक कार्यालयमा प्रदेश प्रमुख र शाखा/उपशाखा कार्यालयका प्रमुखहरूलाइ जिम्मेवार अधिकारीको रूपमा कार्य गर्ने व्यवस्था मिलाईएको छ। साथै सम्पूर्ण कार्यालयहरू रहेको स्थान, प्रमुखको नाम, सम्पर्क नं. र इमेल ठेगाना यस कम्पनीको वेबसाइट www.suryajyotilife.com मा अद्यावधिक गरिएको छ।
६	सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी :	नेपाल बीमा प्राधिकरणबाट स्वीकृति लिइ यस कम्पनीले जारी गरेका बीमा योजना तथा राइडर सुविधाहरूको लागि बीमित/प्रस्तावकको उमेर तथा पेशाको आधारमा अन्य जोखिम विश्लेषण गरि बीमाशुल्क दर तोकिएको छ र उक्त शुल्कको बारेमा मोबाइल एप तथा वेबसाइटबाट जानकारी लिन सकिनेछ। बीमालेख खरिदको लागि बीमित/प्रस्तावक बाट आवश्यक कागजातहरू प्राप्त भए पश्चात तत्कालै बीमालेख जारी गरिनेछ। दावी भुक्तानीको लागि आवश्यक सम्पूर्ण कागजात प्राप्त भएको मितिले बीमा नियमावली २०८१ मा उल्लेखित म्याद भित्र भुक्तानी गरिने छ।
७	निर्णय गर्ने प्रक्रिया र अधिकारी :	बीमालेख जारी गर्ने तथा अन्य सेवा प्रदान गर्न आवश्यक निर्णय लिने सम्बन्धमा तहगत आधारमा कम्पनीका विभागिय प्रमुख लगायत अन्य अधिकारीहरूलाइ प्रत्यायोजित अख्तियारी भित्र रही निर्णय गर्न सक्ने व्यवस्था मिलाईएको छ। विषयवस्तु तथा कार्य प्रकृतिको आधारमा प्रमुख कार्यकारी अधिकृत तथा संचालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेको छ।
८	निर्णय उपर उजुरी सुन्ने अधिकारी :	निर्णयउपर चित्त नबुझी उजुरी गर्नु परेमा कम्पनीका गुनासो सुन्ने अधिकारी वा प्रमुख कार्यकारी अधिकृत समक्ष गुनासो तथा उजुरी दिन सकिनेछ।
९	सम्पादन गरेको कामको विवरण :	बीमा ऐन २०७९, बीमा नियमावली २०८१ एवं नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशिका तथा परिपत्र बमोजिम जीवन बीमा कम्पनीले गर्ने सबै कार्यहरू सम्पादन गर्ने गरिएको छ।
१०	सूचना अधिकारी र प्रमुखको नाम र पद :	**सूचना अधिकारीको:** नाम: उमेश प्रसाद मैनाली, पद: सहायक महाप्रबन्धक; **प्रमुखको:** नाम: प्रकाश विक्रम खत्री, पद: प्रमुख कार्यकारी अधिकृत
११	ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :	बीमा ऐन २०७९, बीमा नियमावली २०८१, कम्पनी ऐन २०६३, धितोपत्र सम्बन्धी ऐन २०६३, मुलुकी देवानी संहिता २०७४, सम्पती शुद्धिकरण (मनि लाउण्डरिङ) निवारण ऐन २०६४, सम्पती शुद्धिकरण (मनि लाउण्डरिङ) निवारण नियमावली २०७३, आयकर ऐन २०५८, सुरक्षित कारोबार ऐन २०६३, श्रम ऐन २०७४, श्रम नियमावली २०७५, बोनस ऐन २०३०, सूचनाको हक सम्बन्धी ऐन २०६४ लगायत प्रचलित नेपाल कानुनहरू तथा उपर्युक्त ऐन नियम अन्तर्गत बनेका विनियम, निर्देशिका लगायत नेपाल बीमा प्राधिकरण तथा अन्य नियमनकारी निकायबाट जारी सम्पूर्ण निर्देशिकाहरू।
१२	आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :	कम्पनीको समग्र आर्थिक कारोबारको विवरण त्रैमासिक रूपमा राष्ट्रिय दैनिक पत्रिकामा प्रत्येक त्रयमास समाप्त भएको ३० दिन भित्रमा प्रकाशन गर्ने गरिएको र कम्पनीको वेबसाइटमा समेत राख्ने गरिएको छ। विस्तृत विवरण कम्पनीको वेबसाइट www.suryajyotilife.com मा हेर्न सकिनेछ।
१३	तोकिए बमोजिमका अन्य विवरण:	नभएको।
१४	अघिल्लो आर्थिक वर्षमा निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:	कर्मचारी तालिम, सेमिनार तथा पुनर्ताजगि कार्यक्रम, अभिकर्ता तालिम तथा सेमिनार, शाखा कार्यालयहरूको प्रगति समिक्षा गोष्ठि लगायतका कार्यक्रमहरू गरिएको थियो।
१५	निकायको वेबसाइट भए सो को विवरण :	www.suryajyotilife.com
१६	निकायले प्राप्त गरेको बैदेशिक सहयोग, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :	नभएको।
१७	सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :	कम्पनीले गरेका वार्षिक कार्यक्रम लगायत अन्य कार्यक्रमहरूको सम्बन्धमा समय समयमा संचार माध्यमहरूमा प्रेस विज्ञप्ती तथा सूचना जारी गर्ने गरिएको, समग्र कारोबारहरूको सम्बन्धमा वार्षिक प्रतिवेदन र त्रैमासिक वित्तीय विवरण वेबसाइटमा राख्ने गरिएको।
१८	सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :	नभएको।
१९	निकायको सूचनाहरु अन्य प्रकाशित भएका वा हुने भएको भए सोको विवरण :	कम्पनीको त्रैमासिक वित्तीय विवरण, वार्षिक साधारण सभा, अभिकर्ता तालिम कार्यक्रम लगायतका अन्य आवश्यक सूचनाहरू राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशन गर्ने गरिएको र उक्त विवरणहरू कम्पनीको वेबसाइट www.suryajyotilife.com मा समेत राख्ने गरिएको छ।

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५८४१/४२
इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित

रिज लाइन इनर्जी लिमिटेड
Ridge Line Energy Ltd.

रजिष्टर्ड कार्यालय, ललितपुर महानगरपालिका–१, ललितपुर, फोन नं.: ०१-५९००११४
(आयोजनाको नाम : सुपर चेपे जलविद्युत आयोजना–९.०५ मे.वा.)
वेवसाईटः https://www.ridgeline.com.np, इमेल : info@ridgeline.com.np

Unaudited Statement of Financial Position
As on 30th Chaitra, 2082 (13th April, 2026)

Amount in NRs.

Particulars	This Quarter Ended on Chaitra, 2082	Previous Quarter Ended on Poush, 2082	Corresponding Previous Year Quarter Ended on Chaitra, 2081
ASSETS			
Non-Current Assets			
Property, Plant and Equipment	2,248,310	2,340,409	1,551,946
Intangible Assets (Project Assets)	2,124,326,914	2,123,163,407	2,160,081,673
Capital Work in Progress	44,047,800	-	-
Right of Use Assets	1,280,374	1,378,864	-
Financial Assets	274,911,000	195,588,165	105,142,537
Total Non-Current Assets	**2,446,814,398**	**2,322,470,845**	**2,266,776,156**
Current Assets			
Financial Assets			
Cash and Cash Equivalents	54,032,047	52,544,864	25,415,421
Trade Receivables	46,629,298	65,318,310	39,410,430
Deposits and Margins	1,150,000	1,150,000	-
Other Current Assets	119,640,839	6,338,511	5,936,253
Inventories	6,749,126	6,627,826	-
Total Current Assets	**228,201,310**	**131,979,511**	**70,762,104**
Total Assets	**2,675,015,708**	**2,454,450,356**	**2,337,538,260**
EQUITY AND LIABILITIES			
Equity			
Equity Share Capital	1,185,000,000	924,300,000	604,579,900
Advance for Share Capital	-	-	50,000,000
Other Equity	296,947,434	274,288,666	168,557,844
Total Equity	**1,481,947,434**	**1,198,588,666**	**823,137,744**
Non-Current Liabilities			
Financial Liabilities			
Medium and Long Term Loan	1,150,658,209	1,219,268,391	1,254,942,507
Lease Liabilities	1,064,168	1,164,495	-
Deferred Tax Liabilities (Net)	-	-	-
Total Non-Current Liabilities	**1,151,722,377**	**1,220,432,886**	**1,254,942,507**
Current Liabilities			
Financial Liabilities			
Short Term Loan	33,251,662	27,498,270	250,000,000
Lease Liabilities	376,896	357,276	-
Trade and Other Payables	3,899,684	4,382,522	7,254,992
Employee Benefit Payable	2,010,173	1,424,722	522,298
Other Current Liabilities	1,807,482	1,766,014	1,680,719
Total Current Liabilities	**41,345,897**	**35,428,804**	**259,458,009**
Total Equity and Liabilities	**2,675,015,708**	**2,454,450,356**	**2,337,538,260**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
For the Period from 1st Shrawan, 2082 to 30th Chaitra, 2082

Amount in NRs.

Particulars	Upto Quarter Ended on Chaitra, 2082	Previous Quarter Ended on Poush, 2082	Corresponding Previous Year Quarter Ended on Chaitra, 2081
Revenue from Sale of Electricity	236,787,903	162,936,019	220,164,367
Cost of Sales	22,158,729	14,581,634	16,054,580
Gross Profit / (Loss)	**214,629,174**	**148,354,385**	**204,109,787**
Revenue as per IFRIC 12	-	-	-
Add: Other Income	38,601	24,186	-
Total Income	**214,667,775**	**148,378,571**	**204,109,787**
Administrative and Other Expenses	4,464,926	3,503,715	7,374,477
Employee Benefit Expenses	6,355,547	5,113,647	8,329,206
Depreciation and Amortization Expenses	53,146,949	35,360,620	52,352,093
Net Profit / (Loss) from Operation	**150,700,353**	**104,400,588**	**136,054,011**
Finance Costs	53,896,702	36,869,499	89,159,796
Profit / (Loss) before Staff Bonus, CSR and Taxes	**96,803,651**	**67,531,089**	**46,894,215**
Provision for Employee Bonus	1,936,073	1,350,622	937,884
Profit / (Loss) before Tax and CSR Expenses	**94,867,578**	**66,180,467**	**45,956,331**
Provision for CSR Expenses	948,676	661,805	459,563
Profit / (Loss) before Tax	**93,918,902**	**65,518,662**	**45,496,768**
Tax Expenses			
Current Tax Expenses	9,650	6,047	-
Deferred Tax Expenses / (Income)	-	-	-
Net Profit / (Loss) for the year	**93,909,252**	**65,512,616**	**45,496,768**
Other Comprehensive Income			
Profit / (Loss) on Revaluation of Property, Plant & Equipment	-	-	-
Profit / (Loss) on Revaluation of Intangible Assets	-	-	-
Other Comprehensive Income / (Loss) for the Year	-	-	-
Total Comprehensive Income / (Loss)	**93,909,252**	**65,512,616**	**45,496,768**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची - १४, नियम २६ को उपनियम (१) संग सम्बन्धित आ. व. २०८२/०८३ को तेस्रो त्रैमासिक प्रतिवेदन

१) वित्तीय विवरण

(क) आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिक अवधिको व्यवस्थापनबाट तयार गरिएको अपरिष्कृत वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिक)	१०.५७	प्रति शेयर कुल सम्पत्तिको मूल्य	२२५.७४
प्रति शेयर नेटवर्थ	१२५.०६	मुल्य आम्दानी अनुपात (P/E Ratio)	११८.७४
तरलता अनुपात	५.५२		

२) व्यवस्थापकिय विश्लेषणः

(क) यस त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा अत्याधिक परिवर्तन रहेको छैन । कम्पनीको मौज्दात, आम्दानी र तरलतामामा सकारात्मक प्रभाव कायम रहेको छ ।

(ख) यस त्रैमासिक अवधि सम्ममा कम्पनीको अन्य व्यवसायिक योजना नरहेको ।

(ग) कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी जानकारीमा नरहेको ।

३) कानूनी कारवाहि सम्बन्धि विवरणः

(क) त्रैमासिक अवधिमा कम्पनीले वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) कम्पनीको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कम्पनीलाई कुनै जानकारी प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सम्बन्धमा कम्पनीलाई कुनै जानकारी प्राप्त नभएको ।

४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषणः

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः शेयरको मुल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा यसमा कम्पनी तटस्थ छ । यद्यपि कम्पनीको शेयरमा मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित कानूनको अधिनमा रही प्रवाहित गरिनेछ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्याः नभएको ।

अधिकतम मूल्य	९४१	न्यूनतम मूल्य	३००
अन्तिम मूल्य	९४१	कारोबार भएको कूल दिन	१२
कारोबार संख्या	७५९		

५) समस्या तथा चुनौती

बढ्दो प्रतिस्पर्धाका कारण कम्पनीमा कार्यरत जनशक्ति कायम राखी राख्ने एवं बढ्दो मुद्रास्फितिका कारण हुने सञ्चालन खर्चको वृद्धि कम्पनीका आन्तरिक समस्या र चुनौती हुन । साथै कम्पनीको परियोजना स्थलमा हुन सक्ने प्राकृति प्रकोप जस्तै बाढी, भुकम्प आदि कम्पनीका वाह्य समस्या र चुनौती हुन । सो सम्बन्धमा कम्पनीले आवश्यकता अनुसार समिक्षा गरी रणनीति बनाई सोको निराकरणको उपाय अवलम्बन गरि रहेको छ ।

६) संस्थागत सुशासन

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा प्रचलित कानूनको पूर्णतः परिपालन गरि रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।